# भिमसेनथापा गाउँपालिका
## BHIMSENTHAPA RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
### Office of the Rural Municipality Executive

घ्याम्पेसाल, गोरखा
Ghyampesal, GORKHA
२०७३

गण्डकी प्रदेश(Gandaki Province)

पत्रसंख्या(Reference No.)-: ०७५/०७६
च.नं(Dispatch No.)-: 608

मिति(Date):२०७६/०१/०९

**बेरोजगार व्यक्तिहरुले निवेदन दिनेबारे जरुरी सूचना !!!**

प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत आर्थिक बर्ष २०७६/७७ मा प्रदान गरिने न्यूनतम रोजगारमा संलग्न हुन इच्छुक बेरोजगार व्यक्तिहरुलाई यस भिमसेनथापा गाँउपालिका भित्र आफूले स्थायी बसोबास गरेको वडा कार्यलयमा गई वैशाख मसान्त भित्र तोकिए बमोजिमको ढाँचामा निवेदन दिई बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन यो सूचना जारी गरिएको छ।

**निवेदन दर्ताका लागि आवश्यक कागजातहरु**

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपी एक प्रति।
- पासपोर्ट साइजको फोटो एक प्रति (नभएमा अनिवार्य छैन)।
- शैक्षिक योग्यता हासिल गरेको प्रमाणपत्रको प्रतिलिपी एक प्रति (नभएमा अनिवार्य छैन)।
- कुनै सीप सम्बन्धी तालिम प्राप्त छ भने सो को प्रमाणपत्रको प्रतिलिपी एक प्रति (नभएमा अनिवार्य छैन)।

**कामको क्षेत्र** (एकभन्दा बढी क्षेत्रहरु छनौट गर्न सकिने छ)

कृषि, सहकारी तथा पशु विकास ; ऊर्जा, सिंचाई तथा नदी नियन्त्रण; खानेपानी तथा सरसफाई ;वन तथा वातावरण ; पर्यटन प्रवर्द्धन ; सडक यातायात ; शिक्षा, युवा तथा खेलकूद ; पुनर्निर्माण ; सामूदायिक पूर्वाधार निर्माण ; ठूला तथा राष्ट्रिय गौरवका आयोजना ; सूचना तथा संचार प्रविधि ; उद्योग ; स्वास्थ्य;अन्य

**बेरोजगार व्यक्ति भन्नाले**

एक आर्थिक वर्षमा न्यूनतम एक सय दिन रोजगारमा संलग्न नभएको वा कम्तीमा तोकिए बमोजिमको आयआर्जन हुने स्वरोजगारमा संलग्न नरहेको १८ वर्ष देखि ५९ वर्ष उमेर समूहको नागरिक।

**बेरोजगार व्यक्तिले पाउने सेवा**

- एक आर्थिक वर्षमा न्यूनतम १०० दिन बराबरीको रोजगारी
- रोजगारी सम्बन्धी सूचना, परामर्श र सहजिकरण
- सीप विकास तालिमको लागि सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने

**बेरोजगार परिवारले पाउने सुविधा**

- एक आर्थिक वर्षमा एक सय दिन भन्दा कम अवधि मात्रै रोजगारी पाएमा एक सय दिन पुग्न बाँकी अवधीको मन्त्रालयले तोकेको न्यूनतम पारिश्रमिकको पचास प्रतिशत बराबरको रकम निर्वाह भत्ताको रुपमा उपलब्ध गराइने।
- काममा खटिदा बीमावापतको लाग्ने खर्चको ६० % मन्त्रालयले र ४० % सम्बन्धित श्रमिकले व्यहोर्ने गरि दुर्घटना बीमा गराईने।
- रोजगार आयोजनाले कार्य स्थलमा श्रमिकको सुरक्षाका लागि आवश्यक सावधानी अपनाउने छ र प्राथमिक तथा आकस्मिक उपचारका लागि आधारभूत सामाग्री र औषधी भएको प्राथमिक उपचार बाकसको व्यवस्था गर्नेछ।

**निर्वाह भत्तापाउने अवस्था**

१. परिवारको कुनै पनि सदस्यले तोकिए बमोजिमको रोजगारी नपाएमा,
२. नेपाल सरकारले तोके भन्दा कम वार्षिक आय भएका परिवारलाई,
३. परिवारको कुनै पनि सदस्य स्वरोजगार नभएमा,
४. परिवारको कुनै सदस्य वैदेशिक रोजगारीमा नगएकोमा,
५. सरकारी कोष (संघ, प्रदेश वा स्थानीयतहको कोष) वा अन्यमुलुक वा अर्न्तराष्ट्रिय वा अन्तर सरकारी संघ, संगठन वा अन्य कुनै संस्थाबाट नियमित निवृत्तभरण वा अवकाश सुविधा लिइरहेको वा सामाजिक सुरक्षाकोष वा नेपाल सरकारको सहायता सम्बन्धी अन्य कोषबाट वा रोजगारदाताबाट नियमित रुपमा कुनै पनि किसिमको सहायता प्राप्त गरेको नभएमा,
६.शारीरिक रुपमा अशक्त, कामगर्न नसक्ने गरी अपांगता भएका व्यक्ति र ६ महिना भन्दा बढीको गर्भवती तथा सुत्केरी महिला जसको परिवारमा अरु कोही पनि व्यक्ति रोजगार नभएको तथा रोजगार गर्न योग्य नभएमा

**नोट** :बेरोजगार व्यक्तिको परिवारका सदस्यहरुले दिएको मञ्जुरी नामाका आधारमा एक परिवारको एक जनालाई मात्र निर्वाह भत्ता उपलब्ध हुनेछ।

२०७६/०१/०९

कृष्ण थापा
प्रमुख प्रशासकिय अधिकृत